जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २१८ २०८१ साल चैत १८ गते सोमबार (31 Mar. 2025 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : आगलागि, पूर्वतयारी र ... ३ पृष्ठमा : रमजान मुवारक सम्पन्न, ... ३ पृष्ठमा : अमेरिकी व्यापार मिसन ...

# छुट्टाछुट्टै स्थानमा आगलागि हुँदा झण्डै १५ लाख मुल्य बराबरको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, १७ चैत ।**

सप्तरीको छुट्टाछुट्टै चार स्थानमा भएको आगलागिमा झण्डै १५ लाख मुल्य बराबरको क्षति भएको छ ।

आइतबार बिहान १ बजेको समयमा जिल्लाको हनुमाननगर कंकालिनि ननगरपालिका ९ हनुमाननगर बस्ने राजकुमार शर्माले आफै संचालन गरेको शर्मा साउण्ड सर्भिस पसलमा आगलागि हुँदा १२ लाख मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ ।

प्रहरीका अनुसार बिधुतको तार सर्ट भई आगलागी हुदा पसल भित्र रहेको ईलेक्ट्रोनिक सामानहरु पुर्ण रुपमा जलेको नष्ट हुँदा उक्त मुल्य बराबरको क्षति भएको हो ।

सोही आगोले छिमेकी हरेराम रजक र गौतम शर्माको घर समेत सामान्य क्षति भएको प्रहरीले जनाएको छ ।

यता शनिबार जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका ४ नवटोलिया बस्ने बिरेन्द्र मुखियाको घरमा रहेको बिधुतको तार सर्ट भई आगलागी हुदा उनको एक तल्ले घर जलेर नष्ट भएको छ ।

आगलागिमा नगद ५० हजारसहित घर, लत्ताकपडा, साइकल, कमोवाइल, खाद्यान्न लगायत जलेर नष्ट हुँदा २ लाख ४२ मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

यस्तै शनिबारै राती जिल्लाको खड्क नगरपालिका ४ आमहा बस्ने महितानारायण चौधरीको श्रीमतिले गहुको भुषमा आगो लगाउदा ८ जना व्यक्तिहरुको परालको टालोमा आगलागि हुँदा ४८ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

शनिबारै जिल्लाको बोदेबर्साइन नगरपालिका ५ भाटिन बस्ने बिन्देश्वर पण्डितको परालको टालमा आचानक आगो लाग्दा ८ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

सबै स्थानको आगो प्रहरी, स्थानीयवासी तथा बारुणयन्त्रको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मुख्यमन्त्रीद्वारा मिर्चैयाका अस्पताल अनुगमन, दुई पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, १७ चैत ।**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सिरहाको व्यापारिक बजार मिर्चैयामा सञ्चालित अस्पताल तथा पूर्व-पश्चिम राजमार्ग केन्द्रित होटलको अनुगमन गरेका छन् ।

अनुगमनको क्रममा मापदण्डविपरीत सञ्चालन भएका सिद्धकामना हस्पिटलका दुई कर्मचारीलाई पक्राउ गरिएको छ । अनुगमन टोली देखेपछि अस्पताल भर्ना भएका बिरामी छोडेर उनीहरू भागेका थिए ।

यसैगरी, अनुगमन टोलीले मिर्चैयास्थित कटारी चोकमा सञ्चालित मुङ्गेरिया स्वीट्स एन्ड चाट हाउस सिल गरेको छ । अखाद्य तथा कुहिएका वस्तु प्रयोग गरिएको र जथाभावी फोहरमैला भेटिएपछि चाट हाउस गरिएको हो ।

# पत्रकार हत्या विरुद्ध कालोपट्टी बाधेर बिरोध



**दैनिक समाचारदाता**
**राजविराज, १७ चैत ।**

जिउँदै जलाएर पत्रकार सुरेश रजकलाई मारिएको भन्दै सप्तरीका पत्रकारहरुले आइतबार कालोपट्टी बाँधेर बिरोध जनाएका छन् ।

नेपाल पत्रकार महासंघ सप्तरीको सभाकक्षमा भेला भएका पत्रकारहरुले हातमा कालोपट्टी बाँधेर आ-आफ्नो कार्यक्षेत्र तिर लागेको अध्यक्ष श्रवण कुमार देवले जानकारी दिए ।

उनले अराजक तत्वहरुले आन्दोलनको नाममा जिउँदै जलाएर पत्रकार रजकलाई मारेको विरोधमा कालोपट्टी बाँधेर विरोध जनाइएको तथा सोमबार प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइने र मंगलबार बुद्धिजीवी तथा पेशाकर्मी संघ संस्था संग अन्तरक्रिया गर्ने कार्यक्रम रहेको जानकारी समेत दिए ।

काठमाडौंको तिनकुनेमा समाचार संकलन गर्न गएका पत्रकार रजकलाई शुक्रबार जिउँदै जलाएर मारेको भन्दै दोषीलाई कारवाहीको माग गर्दै सप्तरीका पत्रकारहरुले कालोपट्टी बाँधेर विरोध जनाए ।

एभिन्यूज टेलिभिजनमा फोटो पत्रकारको रुपमा कार्यरत रजकलार्य समाचार संकलनको क्रममा आन्दोलनकारीहरुले शुक्रबार घरमा ढोका थुनेर बाहिरबाट आगो लगाई जिउँदै जलाएर मारेपछि त्यसको विरोधमा नेपाल पत्रकार महासंघले विभिन्न आन्दोलनको कार्यक्रम गर्दै आएको छ ।

# स्थगित भएको केन्द्रीय क्याम्पसको स्ववियु निर्वाचन हुँदै

काठमाडौं, १७ चैत (रासस) ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) को कीर्तिपुरस्थित विश्वविद्यालय केन्द्रीय क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन यही सोमबार हुने भएको छ ।

क्याम्पसका स्ववियु निर्वाचन अधिकृत प्रा डा कृष्णप्रसाद न्यौपानेले सोमबार बिहान ८:०० देखि अपराह्न ४:०० बजेसम्म निर्वाचन हुने जानकारी दिनुभयो । उच्च अदालत पाटनले निर्वाचन सम्बन्धमा अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिएपछि क्याम्पसले नयाँ मिति तोकिएको थियो । यसअघि चैत ५ गते तोकिएको निर्वाचन विद्यार्थी सङ्गठनबीच विवाद र त्यसपछि चैत ८ गतेका लागि तोकिएको निर्वाचन अल्पकालीन अन्तरिम आदेश दिएपछि स्थगन भएको थियो ।

क्याम्पसमा अध्यक्ष पदका लागि १७ जनाको उम्मेदवारी परेको छ । अनेरास्ववियुबाट सिद्धान्त भट्ट, नेपाल विद्यार्थी सङ्घबाट दीपकराज जोशी, अनेरास्ववियु (क्रान्तिकारी)बाट प्रविन दाहाल, स्वतन्त्र विद्यार्थी समूहबाट दिनेश कार्की, नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घबाट विलम सुवाल, नेपाली विद्यार्थी मञ्चबाट अक्कल रानाभाट, नयाँ शक्ति विद्यार्थी युनियनबाट नरेन्द्रसिंह महरा, स्वतन्त्र विद्यार्थी (त्रिवि)बाट उज्जलबहादुर खड्का, स्वतन्त्रबाट पद्मा भुसाल, सनम वली र दिप्रसन केसीलगायतले उम्मेदवारी दर्ता गराउनुभएको छ । त्रिवि केन्द्रीय क्याम्पसमा छ हजार १४६ मतदाता रहेका छन् ।

# फरार ९ जना प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १७ चैत ।**

सप्तरी प्रहरीले अदालतबाट कैद सजाय तोकिएर फरार रहेका ९ जना प्रतिवादीहरुलाई पक्राउ गरेको छ ।

प्रहरीले कुटपिट लुटपिट मुद्दाका ५, कुटपिट मुद्दाका ३ र जालसाजि मुद्दाका एक जना फरार प्रतिवादीलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा कुटपिट लुटपिट मुद्दाका जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका ७ कै ब्रमदेव मण्डल, चन्द्रदेव मण्डल, जितेन्द्र मण्डल,

*बाँकी अन्तिम पृष्ठमा*

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यस इम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८१ चैत्र २२ गते कार्यालय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सामुदायिक स्थलगत कार्यकर्ता (महिला) | छिन्नमस्ता गापा, सप्तरी | १ | HA / Staff Nurse |

**द्रष्टव्यः**

१. उमेर १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको ।
२. दरखास्त बुझाउनु पर्ने स्थान : इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं (०१-५३५४६३५, ५३४२९०२) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१-५९०००५) वा ईमेल vacancy.impactnepal@gmail.com, मार्फत पनि पठाउन सकिनेछ ।
३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हाल सालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ ।
४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वार्ताको लागी सम्पर्क गरिनेछ ।
५. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।
६. तलब भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

## सम्पादकीय ....

### जनता नै जागरुक हुनुपर्छ

कसैले व्यक्तिगत फाइदाका लागि त कसैले दबाबका कारण गरिने लाभलाई भ्रष्टाचार भनिन्छ । आफूलाई फाइदा पुऱ्याउने नियतले वा आफूले घुस, नलिएको व्यक्तिलाई हानि पुऱ्याउने कालो नियतले प्रेरित भई एउटै नीतिको विनियमको कानुनको अलगअलग अर्थ लगाई खासलाई फाइदा पुऱ्याउने र अन्यलाई बेफाइदा पुऱ्याउने गरी अर्थ लगाउनु वा निर्णय गर्नुलाई नीतिगत भ्रष्टाचार भनिन्छ ।

भ्रष्टाचार देशैभरिका सबै क्षेत्रमा फस्टाउँदै गएको छ । पारदर्शी कार्यप्रक्रिया नबनाई मनमौजी वा तजबिजी निर्णय दिनु पनि नीतिगत भ्रष्टाचार हो । आर्थिक भ्रष्टाचारले व्यक्ति समाज र राष्ट्रलाई क्षणिक बढी र दीर्घकालिन रुपमा केही कम प्रभाव पर्छ भने नीतिगत भ्रष्टाचारले तत्काल खासै प्रभाव नपारे पनि भविष्यमा खतरनाक र दीर्घकालीन असर पार्छ । व्यक्तिले त नेपालमा कामै पिच्छे नीतिगत भ्रष्टाचार गर्छन भन्दा आयुक्ति नहोला । यो नीतिगत भ्रष्टाचारको नमुना हो ।

तसर्थ यस्ता सबै प्रकारका भ्रष्टाचारलाई रोक्न वा निरुत्साहित गर्न तल्लो स्तरबाटै जनता आफै जागरुक हुनु अति आवश्यक छ । होइन भने भ्रष्टाचारले मुलुकको अर्थतन्त्र नै सखाप पार्न सक्ने सम्भावना पनि उत्तिकै छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# आगलागी, पूर्वतयारी र हाम्रो भूमिका



**राजेश झा**

नयाँ बर्ष २०८१ शुरु भएसँगै मुलुक आगलागीबाट आक्रान्त बनेको छ । चैत्र १ गते जिल्ला विपद् व्यवस्थापन समिति सप्तरीले सुख्खायामको समयमा आगलागी तथा हावाहुरीजन्य विपद्का घटना हुन सक्ने भएकोले सावधानी अपनाउन तथा आवश्यक पूर्व तयारी गर्न सरोकारवालाहरुलाई भनेको छ । समितिले स्वीकृत गरेको बिपद पूर्वतयारी तथा प्रतिकार्य योजना अनुसारका योजनाहरु सञ्चालन गरी विपदजन्य घटनालाई न्युनीकरण गर्नुपर्ने भनी निर्णय गरेको छ ।

जिल्लास्थित प्रमुख राजनीतिक दलका पदाधिकारी, स्थानीय तहका प्रमुख, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु सहभागी रहेको सो बैठकले आगलागीजन्य घटना हुन नदिनका लागि राष्ट्रिय तथा स्थानीय भाषामा सचेतनामूलक सन्देश प्रवाह गर्नुपर्ने, आगलागीजन्य विपद् सम्बन्धी कृत्रिम घटना अभ्यास गर्न भनि निर्णय गरेको छ ।

गत बर्ष फागुन महिनामा मात्रै सप्तरीमा आगलागीका घटनाहरुबाट करिब एक करोड रुपैयाँ भन्दा बढीको धनमालको क्षति भएको थियो । चालु आर्थिक बर्ष २०८०/०८१ को साउनदेखि फागुन मसान्तसम्म आगलागीका ६० वटा घटना भएको जिल्ला विपद् व्यवस्थापन समितिको तथ्यांक छ । ती घटनामा जिल्ला प्रशासन कार्यालयमार्फत अग्नीपीडितहरुलाई ८ लाख ३८ हजार रुपैयाँ राहत स्वरुप प्रदान गरिएको छ । चट्याङ्गबाट मृत्यु भएको तीन जनाको परिवारलाई २ लाख रुपैयाँका दरले ६ लाख रुपैयाँ प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष किरण थापाको कथन छ ।

पछिल्ला केही बर्ष आगलागिको घटनामा कमी आएको सप्तरीमा गत दुई बर्षदेखि फेरि आगलागिका घटनाहरु बढ्दै गएको देखिन्छ । आगलागिका अधिकांश घटना माघदेखि चैत्र महिनामा भएको देखिन्छ । यस बर्ष पनि फागुन महिनाको पहिलो सातामै एक दर्जन बढी घर आगलागीमा खरानी भयो । गत बर्ष २०७९ मा मात्रै आगलागीबाट ३० घर जल्दा ५० लाखभन्दा बढीको क्षति भएको थियो । आर्थिक रुपले मात्र होइन, आगोले सामाजिक र साँस्कृतिक रुपमा समेत नकारात्मक प्रभाव पार्ने गरेको छ ।

प्रत्येक बर्ष आगलागी र डढेलाबाट ८० जनाले ज्यान गुमाउने गरेका छन् । नेपाल सरकारको विपद् पोर्टलमा रेकर्ड भएअनुसार पछिल्लो एक सातामा मात्रै मुलुकभर ६७ वटा आगलागी र ११ वटा डढेलो लागेको घटना छ ।

सप्तरी जिल्लाको मात्र कुरा गर्ने हो भने गृह मन्त्रालयमा रेकर्डेड तथ्यांक अनुसार पछिल्लो ११ बर्षमा ९ सय ४ वटा आगलागीको घटनामा ११ जनाले ज्यान गुमाएको छ भने २ हजार ९ सय घर जलेको



छ । आगलागीको घटनाहरुबाट मात्रै सप्तरीले पछिल्लो ११ बर्षमा ८९ करोड ६४ लाख ५२ हजार ९ सय ५० रुपैयाँको क्षति ब्यहोरेको तथ्यांक छ ।

आगलागिका अधिकांश घटनाहरु गोठमा लामखुट्टे भगाउन बालिने धुरबाट लाग्ने गरेको पाइएको छ । यसैगरी घरमा गरिने असुरक्षित र कमजोर वायरिङका कारण समेत आगलागीका घटनाहरु बढ्दै गएको



देखिएको छ । खाना पकाउने बेला आगो सल्केर आगलागी हुने घटनामा कमी आएपनि धुर र वायरिङका कारण आगलागी हुने घटनामा वृद्धि हुँदै गएको छ ।

आगलागीका घटनाहरुलाई विभिन्न तरिकाले न्युनीकरण गर्न सकिने भएपनि त्यसतर्फ सर्वसाधारण र जिम्मेवार निकायहरुको ध्यान पुग्न सकेको देखिदैन । राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय लगायतका जिम्मेवार निकायहरुले आगलागीबाट बच्ने उपाय र तरिकाहरुका बारेमा सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमहरुबाट सचेतनामूलक सन्देश प्रकाशन तथा प्रसारण गर्ने गरेको पाइन्छ । यसमा स्थानीय तहहरुले समेत स्थानीय पत्रपत्रिका तथा एफएमहरुका माध्यमबाट सन्देश प्रकाशन प्रसारण गर्ने गरेको पाइन्छ । तर, स्थानीय स्तरमा यसबाट खासै प्रभाव परेको देखिदैन ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को न मा विपद् व्यवस्थापनको क्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्यको कार्यहरु गर्नुपर्ने उल्लेख छ । विपद् जोखिम न्युनीकरण सम्बन्धी स्थानीय स्तरको योजनाहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने, समुदाय स्तरमा विपद् जोखिम न्युनीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने जिम्मेबारी स्थानीय सरकारको रहेको छ ।

संघ, प्रदेश र स्थानीय सरकारको १५ वटा साझा अधिकार सूचीमध्ये विपद् व्यवस्थापन पनि पर्दछ । विपद् व्यवस्थापनको लागि तीनै तहको सरकार उत्तिकै जिम्मेवार हुन् तर सबैभन्दा बढी स्थानीय सरकार यसको लागि प्रभावकारी र जिम्मेवार हुनु पर्दछ ।

स्थानीय तहहरुले हरेक बर्ष असार १० गतेभित्र आगामी बर्षको लागि बजेट र नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने प्रावधान छ । मूख्यतया स्थानीय तहहरुले पाँच वटा बिषयगत क्षेत्रमा बजेट बिनियोजन गर्नुपर्ने हुन्छ । जसमध्ये वन, वातावरण तथा विपद् व्यवस्थापन पनि एउटा महत्वपूर्ण बिषयगत क्षेत्र हो । तर, सप्तरीका स्थानीय तहहरु विपद् जोखिम न्युनीकरणलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको देखिदैन । भनिन्छ, विपद् हुँदैन भारी जब हुन्छ पूरा तयारी । कुनै पनि विपद् हुनुभन्दा अगाडि नै पूर्वतयारी जति बलियो र प्रभावकारी बनाउन सकियो विपद्बाट हुने क्षतिको परिमाण त्यति नै कम हुन जान्छ । त्यसकारण पूर्वतयारी अतिनै महत्वपूर्ण पाटो हो । तर, यहाँ पूर्वतयारी भन्दा पनि प्रतिकार्यका लागि गरिने कामहरुतर्फ मात्र ध्यान जान सकेको देखिन्छ ।

आगलागीलाई नियन्त्रण गर्नका लागि स्थानीय तहहरुले बारुणयन्त्रको व्यवस्थापन गर्नुपर्ने भनी स्थानीय सरकार सञ्चालन ऐनमै व्यवस्था छ । बारुणयन्त्र सञ्चालन गर्नु कठिन नभएपनि त्यसको व्यवस्थापन पक्षमा लाग्ने खर्च नै सबैभन्दा ठूलो चुनौतिको बिषय बनेको छ । १८ वटा स्थानीय तह रहेको सप्तरीमा मात्र पाँच वटा स्थानीय तहसँग आफ्नो बारुणयन्त्र रहेको छ । दुई वा सो भन्दा बढी स्थानीय तह मिलेर साझेदारीमा बारुणयन्त्र सञ्चालन गर्न सकिने प्रावधान रहेपनि त्यसतर्फ स्थानीय तहहरुले पाइला चालेको छैन । बारुणयन्त्र सञ्चालन गर्नु भनेको हात्ती पाल्नु सरहनै हो भनी स्थानीय तहहरुको बुझाइरहेको छ ।

बालबालिका बिपद्मा प्रभावित हुने वर्ग मात्र होइनन् उनीहरु विपद् जोखिम न्युनीकरण गर्नमा प्रभावकारी भूमिका निर्वाह गर्ने वर्ग पनि हुन् । त्यसैले आगलागीका घटनामा कमी ल्याउन बालबालिकामार्फत सन्देश प्रवाह प्रभावकारी माध्यम हुन सक्छ । विगतमा सप्तरीका बलान बिहुल गाउँपालिकाको रामनगरमा युनिसेफको सहयोगमा सञ्चालित बालकेन्द्रीत विपद् जोखिम न्युनीकरण कार्यक्रमले पनि सो कुरालाई पुष्टि गरेको छ । सप्तरीमा सबैभन्दा बढी आगलागी हुने गाबिसको रुपमा साबिकमा चर्चित रहेको रामनगरमा पछिल्ला सात बर्षमा आगलागिको घटना शुन्य प्रायः छ । त्यहाँका बाल क्लबको प्रयासमा आगलागीका घटना नियन्त्रणमा आएको छ । घर बाहिर खाना पकाउन नपाइने, घर बाहिर बनाइएको चुल्हो भत्काउने, हरेक घरको बारीमा केराको बोट लगाउने, विहान १० बजेभित्र खाना पकाइहाल्नुपर्ने र दिउँसो हावाहुरीको समयमा घरमा चुल्हो बाल्न नपाइने जस्ता नियम नै लगाएर बालबालिकाले रामनगरलाई एक किसीमले आगलागी मुक्त नै बनाउन सफल भए । बाल क्लबले बनाएको नियमलाई वडा स्तरीय विपद् व्यवस्थापन समितिले आत्मसात गर्दै त्यसलाई कडाईका साथ लागू गराउन सफल भयो ।

रामनगरका बालबालिकाले गरेका उदाहरणीय कामलाई अन्य पालिकाहरुले पनि अनुसरण गर्न सके त्यसबाट आगलागीका घटनामा कमी ल्याउन सकिन्छ । गोठमा बालिने धुरलाई व्यवस्थित गर्न सके, फुसको गोठमा कम्तिमा तीन फिटसम्म टाटीमा माटोले लिपपोत गर्न सके धुरबाट हने आगलागीको घटनामा कमी ल्याउन सकिनेतर्फ सबैले ध्यान पुऱ्याउनु जरुरी देखिन्छ । असुरक्षित र कमजोर बायरिङको साटो सुरक्षित र भरपर्दो बायरिङ गरी सर्ट सर्किटबाट हुने गरेको आगलागीको घटनालाई कम गर्न सकिनेतर्फ स्थानीय तहहरुले प्रभावकारी रुपमा सन्देश प्रवाह गर्नुपर्ने खाँचो रहेको छ ।

हरेक वडा र वस्ती तहसम्म विपद् व्यवस्थापनका लागि समिति गठन गर्न सकिने/गर्नुपर्ने भनी कानुनी प्रावधान रहेको छ । सबै पालिकाले वडा स्तर र वस्ती स्तरमा समिति गठन गरी विपद् व्यवस्थापनको पक्षमा प्रभावकारी रुपले काम गर्नु पर्ने आवश्यकता रहेको छ । फागुनदेखि जेठसम्मको महिना अत्यधिक गर्मी हुने भएकोले त्यसलाई मधेशमा खड्मास पनि भन्ने गरिएको छ । यस्तो बेला आगलागी हुने सम्भावना अत्यधिक हुन्छ । त्यसकारण सबै सचेत हुन जरुरी छ । *(राजेश झा, तिलाठी कोइलाडी गाउँपालिका, सप्तरीका बिपद् ब्यवस्थापन अधिकृत हुन्।)*

# रमजान मुबारक सम्पन्न, इद मनाइदै

**मोहम्मद सदरुल**

विराटनगर, १७ चैत (रासस)।

इस्लाम धर्मावलम्बीहरूको एक महिनासम्म चलेको महान पर्व 'रमजान मुबारक' आइतबार समापन भएको छ। योसँगै सोमबार इदउलफित्र पर्व मनाउने तयारीमा इस्लाम धर्मावलम्बीहरू जुटेका छन्।

एक महिनासम्म सञ्चालन भएको रमजान मुबारकमा इस्लाम धर्मावलम्बीहरूले दिनभर निराहार व्रत बस्छन्। रोजा बस्न मुसलमानहरूले उर्दु पात्रोअनुसार सूर्योदय हुनुभन्दा पहिले अर्थात् बिहानको नमाज पढ्नुअगावै खानेकुरा खाई प्रारम्भ हुने र बेलुकाको नमाज (मगरिब)को आजान सुनेर खोल्ने चलन छ। निराहार बस्नुलाई रोजा भनिन्छ।

रोजाको समय दैनिक सूर्य उदाउने र अस्ताउने समयसँगै समयतालिका पनि परिवर्तन भइरहन्छ। रोजा बस्न बिहान तोकिएको समयअगावै र बेलुका तोकिएको समयपछि आहार लिने परम्परा रहेको विराटनगर महमानगरपालिका-६ निवासी शहबाजिया माध्यमिक विद्यालयका प्रधानाध्यापक इमाम हैदरले जानकारी दिनुभयो।

रमजान उर्दु पात्रोअनुसार हिजरी संवत्को नवौं महिना हो। रमजान महिनामा मुसलमानहरूको सबैभन्दा ठूलो ग्रन्थ कुरान अवतरण भएको होभने यो महिनामा अल्लाहको कृतज्ञता प्राप्त हुने विश्वास लिएको उहाँको भनाइ छ।

अशक्तलाई दान दिनु, गरिब र दीनदुःखीलाई सेवा गर्नु, जकात निकाल्नु यो महिनाको ठूलो विशेषता हो। रमजान व्रत बस्न आइतबार साँझ मुसलमानहरूले चन्द्रमा हेर्न आकाशतिर दृष्यावलोकन गर्ने र चन्द्रमा हेरेर रमाउने प्रचलन हैदरले बताउनुभयो।

"शरीरलाई चोखो राखेर मात्र रोजा बस्नुपर्छ। कुलतमा लागेका मानिस एक महिना इमान्दारीपूर्वक रोजा बस्न सक्यो भने चुरोट, खैनी, गुट्खालगायत हानिकारक खाद्यपदार्थ खाने बानीमा परिवर्तन आउँछ। त्याग, तपस्या र बलिदान सबै जोडिने यो पर्वमा मुसलमानहरू रोजा बस्नुलाई गर्व मान्दछन्। नबालक, बिरामी, घातक रोग लागेका र गर्भवती महिलालाई रोजा बस्न अनिवार्य छैन", उहाँले भन्नुभयो।

**सुख, शान्ति र समृद्धिका 'एत्तकाब'**

इस्लाम धर्मावलम्बीहरूले रमजान महिनाको २०औं दिनमा मस्जिदमा एत्तकाब बस्ने गर्दछन्। रमजान महिनालाई तीन भागमा विभाजित गरी यो पर्व मनाइन्छ। पहिलो आसरा 'रहमत', दोस्रो आसरा 'मगफिरत' र २०औं रोजापछि सुरु हुने तेस्रो आसरा नर्कबाट मुक्ति' प्राप्त गर्न प्रत्येक जामे मस्जिदमा एत्तकाब बस्ने चलन रहेको प्रधानाध्यापक हैदरले उल्लेख गर्नुभयो।

उहाँका अनुसार यो एत्तकाब मुसलमान समुदायका लागि मात्र नभएर संसारका हरेक मानव जातिका लागि सुख, शान्ति, सद्भाव र समृद्धिका लागि अल्लाहसँग प्रार्थना गर्नु हो। एत्तकाबमा बस्ने मानिसले मौन रही घरपरिवार, इस्टमित्र, व्यापार तथा अन्य क्रियाकलापबाट टाढा रहनुपर्ने धार्मिक मान्यता रहेको बताउँदै यसलाई रोजा मान्ने मुसलमानहरूले अहिलेसम्म पछ्याइरहेका उहाँले उल्लेख गर्नुभयो।

**इदउलफित्र**

इस्लाम धर्मावलम्बीहरूले रमजान महिनाको २९औं दिनको 'रोजा' व्रत आइतबार पूरा गर्दै सोमबार 'इदउलफित्र' मनाउने तयारी गरिरहेका छन्। 'इदउलफित्र'को दिन कोही मस्जिदमा, कोही 'इदगाह'मा मुस्लिमहरू सामूहिक भेला भएर दुई रिकात नमाज पढेर यो पर्व सम्पन्न गर्छन्।

नमाज पूरा गरेपछि एकले अर्कालाई अङ्कमाल गरेर बधाई साटासाट गर्छन् भने घरमा गएर विभिन्न मिष्ठान्न परिकार खाने गर्छन्। रमजान महिना उर्दु पात्रोअनुसार नवौं महिना हो। यो पर्वको ७०औं दिनमा बकरिद अर्थात् 'इदउलअजहा' पर्व मनाउने गर्छन्। यसमा आर्थिक अवस्था बलियो भएका अधिकांश मुस्लिम 'हज'का लागि साउदी अरबको मक्कामदिना जाने गर्छन्।

**फितरा र जकात**

रमजान महिनामा प्रत्येक मुस्लिमले जनही एक किलो ७५० ग्राम गहुँको मूल्य बराबर फित्तराका रूपमा निकाल्नु पर्छ। जुन रकम गरिब र मदरसा (पाठशाला) मा खर्च गर्नुपर्छ। यो रकम 'इद'को नमाज पढ्नुभन्दा पहिले निकाली सक्नुपर्ने बताउँदै प्रधानाध्यापक हैदरले यसपछि मात्रै उसले धारण गरेको व्रत 'रोजा' कायम हुने धार्मिक मान्यता छ। उहाँका अनुसार जकात भने आफूसँग भएका नगद र सुन तथा चाँदीको मूल्य बराबरमा अढाइ प्रतिशत निकाल्नु पर्छ। जकात र फित्तरा संसारभरका मुस्लिमहरूमा लागू हुन्छ।

**तराबी नमाज**

रमजान महिनामा मुस्लिमले नियमित रूपमा दिनमा पाँचपटक पढ्ने नमाजसँगै तराबी नमाज (विशेष नमाज) पढ्ने गर्छन्। तराबी नमाज धार्मिकग्रन्थ 'कुरान' कण्ठस्त भएका हाफिजले मात्र पढाउन सक्छन्। तराबी नमाज दैनिक २० रिकातको हुन्छ। रोजा व्रत सुरु हुने अघिल्लो दिनदेखि तराबी नमाज सुरु हुन्छ। तराबी नमाजमा जुन दिन ३० पाराको कुरान वाचन सकिन्छ त्यही दिन तराबी नमाज समाप्त हुन्छ। तराबी नमाज पढाउने हाफिजलाई सो दिन मानिसहरूले उपहार दिने चलन छ।

**अनुभव**

इटहरी इन्टरनेसनल कलेजमा आइटी प्रथम वर्षमा अध्ययनरत २० वर्षीय मोहम्मद अर्ज अलीले रोजा बस्दा मुस्लिम भएको गर्व महसुस हुने गरेको बताउनुभयो। उहाँले लगभग १६ घण्टा निराहार बस्नुपर्ने यो पर्वमा रोजा बस्दा कष्ट भए पनि जीवनमा आनन्द प्राप्त भएको भन्दै आफूले ११ वर्षको उमेरदेखि नियमित व्रत पूरा गर्दै आएको उहाँले जानकारी दिनुभयो। उहाँले "संजोगले यो वर्ष म घर बाहिर भएकाले तराबी नमाज पढ्न असर्थ रहें", उहाँले भन्नुभयो।

मोरङ बूढीगङ्गा गाउँपालिकाको पोठिया निवासी १० वर्षीया फातिमा हविवाले गत वर्षसँगै यस वर्ष पनि रोजा बसेको सुनाउनुभयो। रोजा बस्दा भोक लागेको अनुभव नभएको भन्दै उहाँले तिर्खा धेरै लाग्ने गरेको बताउनुभयो। "मेरो बुबा हाफिज र मौलान दुवै हुनुहुन्छ, उहाँले सधैं कुरान पाठ गर्नुहुन्छ। अरबी भाषामा भएकाले यसको अर्थ मैले नबुझे पनि मुस्लिमले पढ्नुपर्ने ग्रन्थ भएको बुबा सलमान मिफताहीले सुनाउनु हुन्छ', उहाँले भन्नुभयो।

इदको दिन नयाँ लुगा लगाउने र समुदायमा पाक्ने परिकारका बास्नाले झन् रमाइलो हुने गरेको विराटनगर सरोचिया निवासी मोहम्मद गुल्जारले बताउनुभयो। "इदको दिन हामी आममानव जातिमा सुख, शान्ति र समृद्धि प्राप्त होस् भनी अल्लाहसँग प्रार्थना पनि गर्छौं", उहाँले भन्नुभयो।

# चोरी भई अमेरिका पुगेका २१ वटा पुरातात्विक महत्वका वस्तु फिर्ता

काठमाडौं, १७ चैत (रासस)।

नेपालबाट विगतमा चोरी भएर अमेरिका पुर्‍याइएका २१ वटा पुरातात्विक महत्वका कलात्मक वस्तु नेपाल फिर्ता गरिएको छ। यीमध्ये तीनवटा पौवा चित्र (१५-१८औं शताब्दी) काठमाडौंस्थित इटुम्बहालबाट विसं २०३७ मा हराएका थिए।

एउटा प्रस्तरबाट निर्मित स्थानक बुद्धको मूर्ति (नवौं शताब्दी) बुङ्मतीको मच्छिन्द्रबहाल परिसरको चैत्यबाट हराएको थियो। साथै आर्ट इन्स्टिच्युट सिकागोबाट फिर्ता भएको पाटनको गुइत टोलको गुइत चैत्यको प्रस्तरको मुछलिन्द बुद्धको मूर्ति थान-१ (१२/१३ औं शताब्दी) तथा अन्य १६ थान कलात्मक वस्तु (९-१९औं शताब्दी) पनि नेपालका विभिन्न ठाउँबाट हराएर अमेरिका पुर्‍याइएको थियो।

अमेरिकाका विभिन्न सङ्ग्रहालय, अक्सन हाउस तथा व्यक्तिगत सङ्ग्रहमा रहेका उक्त वस्तु संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित घरबास सुरक्षा अनुसन्धान विभाग न्यूयोर्क एवं म्यानहटन जिल्ला न्यायधिवक्ताको कार्यालय न्यूयोर्कको सहयोगमा ती सामग्री प्राप्त भएको विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले जानकारी दिनुभयो।

ती सामग्री संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित नेपाली वाणिज्यदूतावासका कार्यवाहक महावाणिज्यदूत चक्रकुमार सुवेदीलाई फागुन १६ गते हस्तान्तरण गरिएको थियो। यी कलात्मक वस्तुको उत्पत्तिस्थल नेपाल भएको भनी यस विभागबाट प्रमाणित गरेपछि अन्तरराष्ट्रिय कानुनअनुसार नेपाल फिर्ता भएको पनि उहाँले बताउनुभयो।

पुरातात्विक महत्वका कलात्मक वस्तु फिर्ता गराउन नेपाल सम्पदा पुनःस्थापना अभियान, आर्ट इन्स्टिच्युट अफ सिकागो, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, परराष्ट्र मन्त्रालय र अर्थमन्त्रालय, प्रहरी प्रधान कार्यालय (इन्टरपोल शाखा) नक्साल, नेपालस्थित अमेरिकन राजदूतावास, लस्ट्स् आर्ट्स् अफ नेपाल, केशचन्द्र महाविहार संरक्षण समाज, इटुम्बहालले पनि सहयोग गरेको विभागले जनाएको छ। यी कलात्मक वस्तु अमेरिकाबाट नेपालसम्म ल्याउन न्यूयोर्कस्थित नेवाः गुठीले आर्थिक सहयोग गरेको जनाइएको छ।

गुठीप्रति विभागले धन्यवाद व्यक्त गर्दै प्रशंसा पत्र पनि प्रदान गरेको छ। यसमा संलग्न सबैलाई विभागले धन्यवाद पनि दिएको छ। सांस्कृतिक कलाकृतिको दृष्टिले नेपाल प्राचीन कालदेखि नै समृद्ध छ। प्राचीन कालदेखिकै परम्परागत कलाकृति नेपालमा छन्। यहाँका लिच्छवि र मध्यकालीन कलाकृति विशिष्ट र विश्व प्रसिद्ध छन्। यही प्रसिद्धि र कलात्मक विशिष्टताको कारणले यी वस्तु विगतकालदेखि नै चोरीनिकासी हुने गरेको देखिन्छ। सन् १९५० पछि पूर्वी नेपालबाट केकति सांस्कृतिक सम्पदा बाहिरिए त्यसको अभिलेख नपाइएको विभागले जनाएको छ।

सन् १९५० पछि यी सम्पदाको चोरी निकासी पनि तीव्र भएको थियो। समयक्रमसँगै चोरिएका मूर्तिको उत्पत्ति स्थलमा हुने महत्व र उक्त स्थलमा बसोबास गर्ने मानिसको मूर्तिप्रतिको धार्मिक र सांस्कृतिक आस्थाका कारणले यस्ता मूर्ति यथास्थानमै प्रतिस्थापन गर्नुपर्छ भन्ने मान्यता हाल विश्वव्यापी रुपमा विकास भएको छ।

यसबाहेक विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनले समेत चोरी भएर विदेशिएका यस्ता कलात्मक वस्तु उत्पत्तिको मुलुकमा फिर्ता गर्नुपर्ने व्यवस्था गरेको छ। यसले गर्दा नेपालभन्दा बाहिर गैरकानूनी रुपमा निकासी भएका सांस्कृतिक सम्पदा फिर्ता हुन थालेका छन्। सन् १९८६ देखि नेपालबाट हराएका पुरातात्विक तथा कलात्मक वस्तु विदेशबाट फर्कने प्रकियाको सुरुआत भएको छ।

हालसम्म बेलायत, अष्ट्रिया, अमेरिका, चीन (तिब्बत), भारत, जर्मनी, अष्ट्रेलिया र इटलीबाट जम्मा १७७ वटा पुरातात्विक महत्वका मूर्ति तथा कलात्मक वस्तु विभिन्न राष्ट्रिय अन्तरराष्ट्रिय व्यक्ति तथा सङ्घ संस्थाको प्रयासबाट नेपाल फिर्ता भइसकेका छन्।

अमेरिका, फ्रान्स, बेलायत, चीन, अष्ट्रिया, अष्ट्रेलियाजस्ता देशबाट थप अरु केही कलावस्तु फिर्ताका लागि कूटनीतिक पहल भइरहेको पनि विभागले जनाएको छ। संयुक्त राज्य अमेरिकाबाट मात्र नेपालमा फिर्ता भएका पुरातात्विक महत्व भएका वस्तुको सङ्ख्या १०४ पुगेको आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

## विश्व समाचार

### अमेरिकी व्यापार मिसन समाप्त हुँदा भारतीय कर छुटको कुनै संकेत छैन

नयाँदिल्ली, १७ चैत (रासस/एएफपी)।

भारत र संयुक्त राज्य अमेरिकाले यस वर्षसम्ममा द्विपक्षीय व्यापार सम्झौताको एक भागलाई अन्तिम रूप दिन सहमत भएका छन्। यद्यपि दुवै पक्षले विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको राष्ट्रका लागि कुनै कर छुटको सङ्केत दिएका छैनन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पारस्परिक व्यापार कर व्यवस्था सुरु भएको केही दिनपछि अप्रिल २ देखि दुवै देशले नयाँदिल्लीमा व्यापार वार्ता गरेका थिए। वार्तामा भारतविरुद्ध दण्डात्मक आयात कर (शुल्क) समावेश छ।

भारतको संरक्षणवादी नीति र संयुक्त राज्य अमेरिकासँगको यसको व्यापार अधिशेषले यसलाई ट्रम्प प्रशासनबाट सम्भावित प्रतिकारात्मक करहरूको सामना गर्न खुला छाडेको छ।

"दुवै पक्षका अधिकारीहरू सन् २०२५ को अन्त्यसम्ममा यसको पहिलो किस्तालाई अन्तिम रूप दिने लक्ष्यका साथ पारस्परिक रूपमा फाइदाजनक, बहु-क्षेत्र द्विपक्षीय व्यापार सम्झौता (बिटिए) को दिशामा अर्को कदमहरूबारे व्यापक रूपमा समझदारीमा आएका छन्", भारतको वाणिज्य मन्त्रालयले शनिबार एक विज्ञप्तिमा भनेको छ, "दुवै देशले बजार पहुँच बढाउने, कर र गैर-कर अवरोधहरू घटाउने र आपूर्ति शृङ्खला एकीकरणलाई गहिरो बनाउने जस्ता प्राथमिकताका क्षेत्रहरूमा द्विपक्षीय सहयोगलाई गहिरो बनाउनका लागि विचार आदानप्रदान गरे।"

विश्वभरका व्यापार साझेदारहरूमा नयाँ अमेरिकी करहरू लगाउन सुरु भएपछि मङ्गलबारअघि ती अवरोधहरू कुनै कारवाही गरिनेछ भन्नेबारेमा वक्तव्यमा कुनै सङ्केत छैन। क्रेडिट रेटिङ एजेन्सी इन्डिया रेटिङ्स एन्ड रिसर्चले प्रस्तावित करहरूले आगामी आर्थिक वर्षमा अमेरिकाको निर्यात सात अर्ब ३० करोड डलरले घट्न सक्ने प्रक्षेपण गरेको छ।

विश्वको पाँचौं ठूलो अर्थतन्त्र भारतले पछिल्लो दुई महिनामा उच्च-स्तरको मोटरसाइकल र बर्बन ह्विस्कीसहित केही उत्पादनमा कर घटाएर वासिङ्टनसँग व्यापार तनाव कम गर्न खोजिरहेको छ। यस हप्ताको व्यापार मिसनअघि भारतीय मिडिया रिपोर्टहरूले सरकारले विज्ञापन जस्ता अनलाइन सेवाहरूमा कर हटाउने प्रस्ताव गर्न सक्ने सुझाव दिएका थिए।

नयाँदिल्ली कार, इलेक्ट्रोनिक्स र चिकित्सा सेवाहरूमा कर कटौती गर्न इच्छुक रहेको पनि रिपोर्टहरूले बताएका छन्। इन्डियन एक्सप्रेस अखबारले एक अज्ञात सरकारी अधिकारीलाई उद्धृत गर्दै आइतबार समकक्षहरू 'व्यापार सम्झौताको रूपरेखामा उल्लेखनीय समझदारीमा पुगेको' बताएको छ।

"यद्यपि उनीहरूले व्यापार सम्झौताको दायरा स्पष्ट रूपमा परिभाषित गर्न सन्दर्भका सर्तहरूलाई अन्तिम रूप दिएका थिएनन्", रिपोर्टमा भनिएको छ। भेनेजुएलाबाट तेल खरिद गर्ने राष्ट्रहरूमा २५ प्रतिशत कर लगाउने अमेरिकाको निर्णयले ल्याटिन अमेरिकी देशको कच्चा तेलको खरिदकर्ता रहेको भारतलाई पनि असर पार्नेछ।

ट्रम्पले भारतलाई 'विश्वको सबैभन्दा बढी कर लगाउने राष्ट्रहरू मध्ये एक' भन्दै पछि थप विवरण नदिई नयाँदिल्लीसँग 'यो धेरै राम्रोसँग काम गर्न गइरहेको छ' भन्ने सङ्केत गर्नुभएको छ।

### गाजामा इजरायली हमलामा बालबालिकासहित ८ जनाको मृत्यु

गाजा सिटी (प्यालेस्टिनी क्षेत्रहरू), १७ चैत (रासस/एएफपी)।

गाजाको नागरिक सुरक्षा एजेन्सीले प्यालेस्टिनीहरूले ईद अल-फितरको पहिलो दिन मनाउँदै गर्दा विस्थापित मानिसहरूलाई आश्रय दिने घर र पालमा आइतवार इजरायली हवाई आक्रमणमा पाँच बालबालिकासहित कम्तीमा आठ जनाको मृत्यु भएको जनाएको छ।

हमास र इजरायल दुवैले छुट्टीको समयमा गाजामा शत्रुता रोक्ने उद्देश्यले मध्यस्थकर्ताहरूबाट नयाँ युद्धविराम प्रस्ताव प्राप्त गरेको स्वीकार गरेपछि यो आक्रमण भएको हो।

"खान युनिसमा विस्थापित मानिसहरूलाई आश्रय दिँदै एउटा घर र एउटा पालमा इजरायली हवाई आक्रमणपछि बिहानै पाँच बालबालिका हित आठ जना शहीद भएका छन्", नागरिक सुरक्षा एजेन्सीका प्रवक्ता महमुद बासलले भन्नुभयो।

इजरायलले क्षेत्रभर आफ्नो हवाई बमबारी र भूमि आक्रमण फेरि सुरु गर्नुअघि गाजा पट्टीमा सापेक्षिक शान्ति ल्याएको नाजुक युद्धविराम मार्च १८ मा समाप्त भएको थियो।

आइतबारको हवाई आक्रमण मध्यस्थकर्ताहरू- इजिप्ट, कतार र संयुक्त राज्य अमेरिकाले युद्धविरामको मध्यस्थता गर्न र गाजामा अझै पनि बन्दी बनाइएका इजरायली बन्धकहरूको रिहाइ सुरक्षित गर्ने प्रयासहरू जारी राखेका बेला भएको हो।

हमासका एक वरिष्ठ अधिकारीले शनिबार उक्त समूहले मध्यस्थकर्ताहरूले अघि सारेको नयाँ युद्धविराम प्रस्तावलाई अनुमोदन गरेको र इजरायलसँग यसलाई समर्थन गर्न आग्रह गरेको बताए।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले प्रस्ताव प्राप्त भएको पुष्टि गरेको छ र इजरायलले प्रतिक्रियामा प्रति प्रस्ताव पेस गरेको बताएको छ।

यद्यपि पछिल्लो मध्यस्थता प्रयासहरूको विवरण अज्ञात छ। गाजामा चलिरहेको युद्ध हमासको सन् २०२३ अक्टोबर ७ मा इजरायलमा भएको आक्रमणबाट सुरु भएको थियो। यसको परिणामस्वरूप आधिकारिक इजरायली तथ्याङ्कमा आधारित एएफपीको तथ्याङ्कअनुसार एक हजार दुई सय १८ जनाको मृत्यु भएको थियो।

आक्रमणको क्रममा हमासका लडाकूहरूले दुई सय ५१ जना व्यक्तिलाई पनि अपहरण गरे। तीमध्ये ५८ जना कैदमा रहेका छन् र तिनमा पनि ३४ जना इजरायली सेनाले मृतक भएको बताएको छ।

हमासको आक्रमणपछि प्यालेस्टिनी समूह विरुद्धको इजरायली सैन्य अभियानमा गाजामा कम्तीमा ५० हजार दुई सय ७७ जनाको मृत्यु भएको छ। तीमध्ये अधिकांश नागरिक रहेको हमासद्वारा सञ्चालित क्षेत्रको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

# आफ्ना नेताको रिहाईको माग गर्दै राप्रपाले निकाल्यो मसाल जुलुस



**दैनिक समाचारदाता राजविराज, १७ चैत ।**

राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला कार्य समिति सप्तरीले पक्राउ परेका आफ्ना नेताहरुको रिहाईको माग गर्दै मसाल जुलुस प्रदर्शन गरेका छन् ।

राप्रपाका वरिष्ठ उपाध्यक्ष रबिन्द्र मिश्र र महासचिव धमव शमशेर राणासहितका नेताहरूको रिहाईको माग गर्दै आइतबार साँझ राजविराजमा मसाल जुलुस प्रदर्शन गरेका हुन् ।

स्थानीय गजेन्द्र चौकबाट निकालिएको मसाल जूलुस कंचनपुर रोडको हनुमान मन्दिरमा गएर कोणसभामा परिणत भएको थियो ।

कोणसभालाई सम्बोधन गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष उम्देश्वर प्रसाद साहले सरकारले पक्राउ गरेका नेतालाई रिहा नगरेसम्म आन्दोलन जारी रहने उद्घोष गरे ।

प्रदर्शन क्रममा प्रधानमन्त्री केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको विरोध समेत गरेका थिए ।

राजावादीहरुले शुक्रबार काठमाडौंको तीनकुनेमा प्रदर्शन गर्ने क्रममा एक पत्रकारसहित दुई जनाको मृत्यु भएको थियो । उक्त घटनासँग जोडेर सरकारले राप्रपाका दुई नेतालाई पक्राउ गरेको थियो ।

# विश्व बैंकद्वारा पुल सुधार कार्यक्रमका लागि २० अर्ब ४० करोड स्वीकृत

काठमाडौं, १७ चैत (रासस) ।

विश्व बैंकले तेस्रो पुल सुधार तथा मर्मत कार्यक्रम कार्यान्वयन गर्न रु २० अर्ब ४० करोड प्रदान गर्ने भएको छ ।

बैंकको कार्यकारी निर्देशक बोर्डले १५ करोड अमेरिकी डलरको वित्तीय 'प्याकेज' आइतबार स्वीकृत गरेको हो । यो सहायता रकम नेपालका रणनीतिक सडक सञ्जालमा निर्मित पुलहरूको मर्मतसम्भार तथा सबलीकरणका निम्ति स्वीकृत गरिएको वासिङ्टन डिसीस्थित विश्व बैंकको प्रधानकार्यालयले जनाएको छ ।

नेपालको पुल प्रणालीले दुर्गम र सहरी समुदायको जीवन यापन, स्वास्थ्य सेवा, शिक्षा र आर्थिक अवसरहरूका साथ अन्य आधारभूत सेवाहरूमा जोड्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका तथा बाढी, पहिरो र भूकम्पलगायत प्राकृतिक एवं जलवायुजन्य जोखिमले पुलजस्ता पूर्वाधारमा गम्भीर असर गर्ने भएकाले तिनको सबलीकरणका निम्ति वित्तीय सहयोगको प्याकेज स्वीकृत गरिएको बैंकले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

# सङ्घीय अस्पतालको आम्दानीको एक प्रतिशत स्वास्थ्य बिमा कोषमा

काठमाडौं, १७ चैत (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सङ्घीय अस्पताल विकास समितिको कूल आम्दानीको एक प्रतिशत स्वास्थ्य बिमा कोषमा जम्मा गराउने निर्णय गर्नुभएको छ ।

आइतबार मन्त्रिस्तरीय निर्णय गर्दै मन्त्री पौडेलले स्वास्थ्य बिमा ऐनमा व्यवस्था भए पनि हालसम्म सक्रिय नभएको स्वास्थ्य बिमा कोष सक्रिय बनाउने र सो रकम कोषमार्फत नै जम्मा गराउने निर्णय गर्नुभएको हो ।

अर्थ मन्त्रालयले सहमति जनाइसकेकाले स्वास्थ्य बिमा बोर्डलाई थप स्रोत प्राप्तिका लागि बाटो खुलेको छ । हालसम्म कोष नै सक्रिय नहुँदा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमार्फत प्राप्त हुने रकम नै कोषको आयस्रोत बनेको थियो ।

मन्त्री पौडेलले स्वास्थ्य बिमा कोषलाई बलियो पारेर मात्र स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता वृद्धि गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । मन्त्री पौडेलले आगामी दिनमा स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलको प्रतिवेदनमा आधारित रहेर थप सुधार कार्य सरकारले अघि बढाउने बताउनुभयो ।

केही समयअघि सार्वजनिक गरिएको बिमा सुधार सुझाव कार्यदलको प्रतिवेदनले राज्यबाट वेतन खाने कर्मचारीको तलबको एक प्रतिशत कर्मचारी र बाँकी एक प्रतिशत राज्यले दिनुपर्ने तथा स्वास्थ्यमा असर पर्ने पदार्थको करको रकम कोषमा जाने व्यवस्था मिलाउनुपर्ने सुझाव दिएको छ ।

स्वास्थ्य बिमा कोष बलियो पार्न अहिलेको निर्णयले योगदान दिने विश्वास गरिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताउनुभयो ।

# राजावादीको हिंसात्मक प्रदर्शनका दोषीलाई सरकारले कारबाही गर्छ : मन्त्री गुरुङ

काठमाडौं १७ चैत (रासस) ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले यही चैत १५ गते काठमाडौंमा राजावादीहरुले गरेको हिंसात्मक प्रदर्शनको सत्यतथ्य छानबिन गरी दोषिमाथि कानुनबमोजिम कारबाही गरिने बताउनुभएको छ ।

मन्त्रालयमा आइतबार प्रेस चौतारी नेपालले घटनाबारे ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाएपछि मन्त्री गुरुङले हिंसात्मक प्रदर्शन गर्नेलाई छानबिन समिति बनाएर सरकारले कानुनी दायरमा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । राजकीय सत्ता जनतामा सुम्पिन्छु भनेर राजनीतिक पार्टीसँग गरेको प्रतिबद्धता पूर्व राजा ज्ञानेन्द्र शाहले बिर्सिएको र आन्दोलनका नाममा हिंसात्मक बाटो अपनाउनु गलत रहेको उहाँको भनाइ थियो ।

"पूर्व राजाले नेपालका पार्टीसँग गरेको सहमति तोडेका छन्," मन्त्री गुरुङले भन्नुभयो, "चैत १५ गते काठमाडौंमा भएको हिंसात्मक प्रदर्शनीको जिम्मेवारी राजावदीले लिनुपर्छ । यो घटनाको छानबिनको दायरामा पूर्व राजा पनि पर्नेछन् । हत्या, हिंसा र लुटपाटको घटनामा दोषी देखिएका सबैमाथि कानुनी कारबाही हुन्छ ।"

एभिन्युजका पत्रकार सुरेश रजकको मृत्युको घटनामा आन्दोलनकारीकै मुख्य हात रहेको मन्त्री गुरुङले बताउनुभयो । सञ्चारगृहहरुमाथि आन्दोलनकारीको आक्रमण निन्दनीय रहेको उल्लेख गर्दै उहाँले सञ्चारगृहको क्षति मूल्याङ्कन गरी सहयोग प्रदान गरिने बताउनुभयो । आन्दोलनका क्रममा घाइते भएका सबैको सरकारले उपचार गर्ने उहाँले जानकारी दिनुभयो ।

# तीनकुने घटनामा ज्यान गुमाएका रजकको परिवारलाई एक लाख सहयोग

काठमाडौं, १७ चैत (रासस) ।

नागरिक समाजका अगुवा डा सुन्दरमणि दीक्षितले तीनकुने घटनामा ज्यान गुमाएका पत्रकार सुरेश रजकको परिवारलाई रु एक लाख सहयोग उपलब्ध गराउनुभएको छ ।

रिपोर्टर्स क्लब नेपालको २७औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा डा दीक्षितले उक्त रकम क्लबका अध्यक्ष ऋषि धमलालाई हस्तान्तरण गर्दै मृतक रजकको परिवारलाई उपलब्ध गराउन आग्रह गर्नुभयो । आन्दोलनका क्रममा पत्रकारको मृत्यु गम्भीर विषय रहेको बताउँदै उहाँले सबै सञ्चारकर्मीको सुरक्षाको प्रत्याभूतिका लागि सरकारसँग माग समेत गर्नुभयो ।

साथै उक्त घटनाका घाइतेको उपचार तथा मृत्युवरण गरेका व्यक्तिलाई राहत रकम उपलब्ध गराउन डा दीक्षितले सरकारसँग आग्रह गर्नुभयो । सरकार सबैको अविभावक भएकाले त्यो भूमिका निर्वाह गर्नेमा आफू विश्वस्त रहेको उहाँले उल्लेख गर्नुभयो ।

# हुलाक सेवालाई समयसापेक्ष बनाउनुपर्नेमा जोड

जनकपुरधाम, १७ चैत (रासस) ।

हुलाक सेवालाई समयसापेक्ष र ग्राहकको चाहनाअनुसार भरपर्दो बनाउन स्पष्ट कानुन बनाउनुपर्नेमा जोड दिइएको छ ।

हुलाक निर्देशनालय जनकपुरधामद्वारा आइतबार यहाँ आयोजित द्रुत डाँक सेवा (इएमएस) विषयक अन्तरक्रियाका सहभागीहरूले हुलाक सेवालाई स्रोतसाधन सम्पन्न बनाउँदै अगाडि बढाउनुपर्नेमा जोड दिएका हुन् ।

सूचना प्रविधिको युगमा हुलाक सेवामा परिवर्तन नआएकाले शिथिल बन्न पुगेको भन्दै यसको आवश्यकता, औचित्य र सम्भावनाबारे गम्भीर समीक्षा गरी आवश्यक काम गरिनुपर्ने वक्ताहरूको भनाइ थियो । जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले तीनै तहका सरकारको समन्वय र सहकार्यमा सेवालाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

हुलाक सेवा विभागका निर्देशक ध्रुवराज आचार्यले द्रुत डाँक सेवालाई प्रभावकारी बनाउनका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा पहल भइरहेको र भएको सेवालाई गुणस्तरीय तथा प्रभावकारी गराउनतर्फ विभाग लागिपरेको बताउनुभयो । मुलुक सङ्घीय संरचनामा गइसकेपछि विभिन्न स्थानीय तहमा ६६७ हुलाक कार्यालय र १०५ वटा हुलाक काउन्टर स्थापना भई चार हजार ६१९ कर्मचारीमार्फत काम भइरहको उहाँले जानकारी दिनुभयो ।

विभागद्वारा सञ्चालित द्रुत डाँक सेवा देशका ४५ जिल्ला तथा नेपालबाहेक ३९ देशसँगको सहकार्यमा सञ्चालन भइरहेको विभागको अन्तरराष्ट्रिय सम्बन्ध शाखाका शाखा अधिकृत जीतबहादुर परियारले जानकारी दिनुभयो ।

कार्यक्रममा हुलाक निर्देशनालयका निमित्त निर्देशक लाल झाले हुलाकको काम, कर्तव्य, अधिकार, समस्या तथा चुनौतीका विषयमा जानकारी दिनुभएको थियो ।

## फरार ९ जना ...

जगनारायण मण्डल र खुसीलाल मण्डल छन् ।

त्यस्तै कुटपिट मुद्दाका राजविराज नगरपालिका १३ का कैलु यादव, वडा नं. ११ का देवराम यादव र बिरेन्द्र प्रसाद यादव छन् भने जालसाजी मुद्दाका तिलाठी कोइलाडी ४ का श्याम प्रसाद सिंह राजपुत छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलिले खोजतलासका क्रममा गाउँ घरमै लुकिछिपि बसेको अवस्थामा उनीहरुलाई पक्राउ गरेको जनाएको छ ।

फैसला कार्यान्यवनको सिलसिलामा पक्राउ गरेकाहरुलाई सप्तरी जिल्ला अदालतमा दाखिला गराएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू

- नून कम भएको स्वस्थ र पोपिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं।

स्वस्थ र दीर्घ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*